# हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## झनझने, सिन्धुली

## बागमती प्रदेश, नेपाल

प.सं. २०७९/०८०

च.नं.

मिति: २०८०।०२।१६

विषय: जिविकोपार्जन सुधार कार्यक्रम संचालनको लागि प्रस्तावना पेश गर्ने सम्वन्धि सूचना ।

प्रथम पटक प्रकाशित सूचना मिति: २०८०।०२।१६

संघिय सरकार, सशर्त कार्यक्रम तर्फ आ.व. २०७९/०८० को कार्यक्रम राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम संचालनको लागि जिविकोपार्जन सुधार कार्यक्रम संचालन सम्वन्धी मापदण्ड २०७७ मा भएको व्यवस्था अनुरुप प्रचलित कानुन अनुसार यो सूचना प्रकाशन हुनु अगावै दर्ता भएका गैरसरकारी संघ/संस्थाहरुले मिति २०८०।०२।३० गते भित्र यस हरिहरपुरगढी गाउँपालिका महिला तथा वालवालिका शाखामा तपशिलका विवरण सहित प्रस्तावना पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | कार्यक्रम | वजेट | संख्या | आवश्यक कागजातहरु |
|---|---|---|---|---|
| १ | राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम | ८ लाख ९० हजार | १ | १. संस्थाको विधान, परिचय, उद्धेश्य, कार्य संचालन प्रकृया, भौतिक तथा वित्तिय स्रोत सहितको अवधारणा पत्र ।<br>२. संस्था दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपी ।<br>३. करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी<br>४. कार्यक्रम सञ्चालन हुने स्थान<br>५. कालो सूचीमा नपरेको स्व घोषणा पत्र<br>६. लेखा परीक्षण प्रतिवेदन ।<br>७. विपन्न , एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने व्यवसायिक कार्य योजना सहितको अनुसूची २ अनुसारको प्रस्तावना पत्र । |

सीताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

Email: hariharpurgadhi@gmail.com

For More Info :

(क) कृषि तथा पशुपालन क्षेत्रः सहकारी खेती, सामूहिक खेती, आधुनिक खेती, पशुपालन, माछापालन, माहुरीपालन लगायत कुनै पनि क्षेत्रको कृषि उत्पादनमा आधारित व्यवसाय कार्यहरू,

(ख) पर्यटन क्षेत्रः होमस्टे, होटेल, रेष्टुरेन्ट ट्रेकिङ, टुर गाइड, स्थानीय स्रोत, साधन र संस्कृतिमा आधारित व्यवसाय कार्यहरू,

(ग) गैहृकृषि क्षेत्रः वनपैदावार, लोकता कागज उद्योग, अल्लो, जडीबुटी उत्पादन तथा प्रशोधन, ढाका बुनाइ, इम्ब्रोइडरी, होजियारी, बेकरी, हस्तकलाका सामान, ड्राइभिङ, प्लम्बिङ, ब्युटीपार्लर, क्रिस्टल, सैलुन, इलेक्ट्रिसियन लगायतका व्यवसाय कार्यहरू।

## परिच्छेद -४

## सूचना प्रकाशन, मूल्याङ्कन तथा छनौट प्रक्रिया

७. सूचना प्रकाशन तथा प्रस्ताव आहवानः (१) सम्बन्धित स्थानीय तहले यस कार्यक्रम सञ्चालन गर्न संस्था छनौटको प्रस्ताव आह्वान गरी सूचना प्रकाशित गर्नुपर्नेछ।

(२) सूचना प्रकाशन गर्दा देहायबमोजिमको प्रक्रिया पुऱ्याउनु पर्नेछः–

(क) पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्ने।

(ख) प्रथम पटक सूचना प्रकाशन गर्दा स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्ने गरी प्रस्ताव पेश हुन नआएमा पुनः सात दिनको प्रस्ताव आव्हान गर्ने।

८. प्रस्ताव पेश गर्ने निकायः दफा ७ बमोजिमको सूचना अनुसार प्रस्ताव पेश गर्न इच्छुक संस्थाले सम्बन्धित स्थानीय तहमा प्रस्ताव पेश गर्नुपर्नेछ।

९. प्रस्ताव पेश गर्ने संस्थाको योग्यताः (१) कार्यक्रम सञ्चालनको प्रस्ताव पेश गर्ने संस्थाको योग्यता देहायबमोजिम हुनेछः-

(क) प्रचलित कानुन बमोजिम दर्ता र नवीकरण भएको,

(ख) प्रत्येक वर्ष लेखापरीक्षण सम्पन्न गरी सो को प्रतिवेदन तयार भएको,

(ग) प्रचलित कानुन बमोजिम अयोग्य नरहेको ।

(२) कार्यक्रम सञ्चालनको प्रस्ताव आह्वानको सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिम दर्ता भई कार्य सञ्चालन गरिरहेको संस्थाले मात्र प्रस्ताव पेश गर्न सक्नेछन्।

(३) संस्थाले लक्षित महिलाहरूलाई सीप तथा व्यावसायिक विकास तालिम प्रदान गरी व्यक्तिगत वा सामूहिकरूपमा आयआर्जन व्यवसाय सञ्चालन गर्नेगरी प्रस्ताव पेश गर्नु पर्नेछ।

नेपाल सरकार ... कार्यालय